पाठ १०

# समुदायमा निरन्तर रहनु

पहिलो विश्वयुद्धको समयमा यूरोपिय विश्वविद्यालयमा एक प्राध्यापकले आफ्ना विद्यार्थीहरूलाई शिक्षा दिइरहेका थिए। युद्धको कारणले गर्दा कक्षा बन्द गर्नू भन्ने आज्ञा आयो। धेरै वर्षसम्म विद्यार्थीहरू कक्षामा भेट हुन सकेनन्।

अन्तमा विश्वविद्यालय जब खोलियो, प्राध्यापकले यी शब्दहरू भन्दै आफ्नो पहिलो कक्षा शुरू गरे: "मैले भनिरहेको थिएँ..."

कक्षा बन्द हुनुभन्दा पहिले आफूले छोड़ेको ठाउँबाटै उनले निरन्तरता दिए। निरन्तरताको आत्माले कुनै कुराको निश्चयता देखाउँछ, देखाउँदैन र? हाम्रो समुदायसँग निरन्तर रहिरहने सम्बन्ध कायम राख्नका लागि हामीमा पनि यही किसिमको निश्चयता हुनुपर्छ।

यी पाठहरूमा सिकाइएका सिद्धान्तहरूलाई निरन्तररूपमा व्यवहारमा लगाउनका लागि अपनाउनुपर्ने विभिन्न तरीकाहरूलाई हामी यस पाठमा अध्ययन गर्नेछौं। सबैभन्दा महत्त्वपूर्ण तरीकाचाहिँ पवित्र आत्मामा भर पर्नु हो। पावलले तिमोथीलाई भने, "तिमी-चाहिँ आफूले सिकेका र दृढ़तासँग विश्वास गरेका यी कुराहरूमा



लागिरह" (२ तिमोथी ३:१४)। समुदायमा निरन्तर रहनका लागि पवित्र आत्माले तपाईंलाई सहायता पुऱ्याउनुहुनेछ।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

तपाईंजस्तो हुनुहुन्छ, त्यस्तै हुनुहोस्
आफ्नो साक्षी व्यक्तिगत बनाउनुहोस्
पवित्र आत्मामा भर पर्नुहोस्
  उहाँ प्रकटदाता हुनुहुन्छ
  उहाँ हाम्रा शिक्षक र यादकर्ता हुनुहुन्छ

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहयोग पुऱ्याउनेछ. . .**

- व्यक्तिगत भर पर्दो ख्रीष्टियान साक्षीको महत्त्वलाई बुझ्न।
- तपाईंको समुदायमा निरन्तरिय सेवा गर्नका लागि पवित्र आत्माको अगुवाइमा भर पर्न।

## तपाईंजस्तो हुनुहुन्छ, त्यस्तै हुनुहोस्

उद्देश्य १ *तपाईंको समुदायमा ख्रीष्टलाई प्रतिनिधित्व गर्नका लागि ठीक स्वरूप किन महत्त्वपूर्ण छ व्याख्या गर्नुहोस्।*

एक जवान स्त्री मिशनरीको रूपमा प्रभुको निम्ति काम गर्न परदेशमा गइरहेकी थिइन्। "तपाईं त्यहाँ के गर्न जाँदैहुनुहुन्छ" भनी एउटा रेडियो कार्यक्रममा तिनलाई प्रश्न सोधियो। "म जे हुँ भनी मैले भनेकी छु, म त्यही हुने कोशिश गर्छु" भनी तिनले जवाफ दिइन्।

आफू जो हुँ भनी तपाईंले भन्नुभएको छ के तपाईं त्यही हुनुहुन्छ? तपाईं आफू जस्तो हुनुहुन्छ, त्यस्तै हुनुभयो भने त्यो सबैभन्दा उत्तम हो। यदि तपाईंले आफ्नो तरीकाअनुसार काम गर्ने कोशिश गर्नुभएन भने तपाईंले गल्तीस्वरूप प्रकट गरिरहनुभएको हुन्छ।



परमेश्वरप्रति तपाईंको समुदायलाई प्रभाव पार्ने सबैभन्दा उत्तम तरीकाचाहिँ सबै समयमा साँचो स्वरूप दिनु हो। आफूसँग भएको स्वभावमा तपाईं खुशी हुनुहुन्न भने तपाईंलाई नयाँ स्वरूप दिनुहोस् भनी पवित्र आत्मासँग बिन्ती गर्नुहोस्। मूल्य र मान्यता भएको व्यक्ति हुनुहोस्, जसमाथि सबै समयमा मानिसहरूले भर पर्न सक्छन्। तपाईं जस्तो हुनुपर्ने हो र उहाँले तपाईंलाई जस्तो भएको चाहनुहुन्छ, त्यस्तै बनाउनुहोस् भनी उहाँसँग बिन्ती गर्नुहोस्।

के मानिसहरूले तपाईंलाई कुनै दिन प्रसन्न, आनन्दित व्यक्ति र अर्को दिन अप्रसन्न, रिसालु व्यक्तिको रूपमा हेर्छन्? दिन प्रतिदिन हुने दुःखका कुराहरू हुँदाहुँदै पनि के प्रत्येक दिन तपाईंको साक्षी स्थिर र भरपर्दो छ?

सबै समयमा ठीक प्रवृत्ति राख्ने मानिसले सबैभन्दा उत्तम साक्षी दिएका हुन्छन्। पवित्र आत्मा नै व्यक्तित्वहरूका महान् परिवर्तनकर्ता हुनुहुन्छ। यदि तपाईंको स्वभाव प्रसन्न हुने खालको छैन भने, यसलाई परिवर्तन गर्नका लागि परमेश्वरसँग बिन्ती गर्नुहोस्। तब परमेश्वरले चाहनुभएअनुसार काम गर्न शुरू गर्नुहोस्।

मेरा साथी जोहन फतफते र गनगन गर्ने व्यक्ति थिए। उनी ख्रीष्टियान भए तापनि, आफ्ना प्रवृत्तिहरूका निम्ति उनी बहाना बनाउँथे, र यस अवस्थाबाट परिवर्तन हुन सकिन्छजस्तो उनलाई लाग्दैनथ्यो। भिन्नै व्यक्ति हुनका लागि परमेश्वरले सहायता गर्न सक्नुहुन्छ भनी एक दिन उनले महसूस गरे। उनले प्रसन्न, दयालु र विचारशील हुने कुराको अभ्यास गरे र उनको निम्ति यो स्वाभाविक प्रवृत्ति नै बन्न पुग्यो।

१ कोरिन्थी १४:८-मा हामी पढ्छौं:"यदि तुरहीले स्पष्ट ध्वनी दिएन भने युद्धको निम्ति को तयार हुने?" यसको अर्थ

यही नै हुन्छ कि ख्रीष्टियान जीवन कस्तो हुनुपर्छ भन्ने साँचो चित्र तपाईंको जीवनले अरूहरूलाई दिनैपर्छ। तपाईंले ख्रीष्टियान जीवन जिउनुभएको छ भन्ने कुरा मानिसहरूले तपाईंलाई देख्दा चाल पाएनन् भने, तपाईंले तिनीहरूलाई ख्रीष्टको बारेमा बताउने कोशिश गर्नुहुँदा तपाईं प्रभावशाली साक्षी बन्न सक्नुहुन्न। आफ्नो बोलावटलाई स्पष्ट पार्नुहोस्– अरूहरूले तपाईंलाई पछ्याउनेछन्।

**तपाईंको अभ्यासको निम्ति**

**१** आफूजस्तो छ सो मन नपर्ने व्यक्तिले आफ्नो व्यक्तित्वलाई कसरी परिवर्तन गर्न सक्छ? ......................................

..............................................................................

**२** तपाईंको समुदायमा प्रभावशाली ढङ्गले ख्रीष्टको प्रतिनिधित्व गर्नका लागि ठीक स्वरूपको विकास गर्न किन आवश्यक छ? ..............................................................................

**३** सबैभन्दा असल साक्षी यस्ता मानिसहरूद्वारा दिइन्छ जो

**क**. मानिसहरूसँग कुराकानी गर्नका लागि असल तरीकाहरूको अध्ययन गर्छन्।

**ख**. आफू जहाँ भए तापनि आफ्ना बाइबल आफ्नै साथमा लान्छन्।

**ग**. सबै समयमा ठीक प्रवृत्तिहरू देखाउँछन्।

## आफ्नो साक्षी व्यक्तिगत बनाउनुहोस्

उद्देश्य २ *सकारात्मक व्यक्तिगत साक्षीका उदाहरणहरूलाई परिचित गर्नुहोस्।*

म १७ वर्षको हुँदा मैले माध्यमिक विद्यालयको अध्ययन सकें र मेरो शहरमा भएको ठूलो कार्यालयमा काम गर्न शुरू गरें। पहिलो बिहान म काममा जानैलाग्दा मेरी आमाले मलाई एकातिर बोलाउनुभयो। उहाँले भन्नुभयो, "यो कुरा याद गर, छोरा, मरेको माछा पानीको बेगसँगै बग्न सक्छ। तर जीवित माछाले मात्र बेगको विरुद्धमा पौड़ी खेल्न सक्छ।"

मेरी आमाका यी वचनहरूलाई मैले कहिल्यै बिर्सेको छैन। त्यस बेलादेखि "बेगसँग मात्र म नबगुँ" भनी मैले कोशिश गरिराखेको छु। भीड़बाट भिन्नै हुनु सधैंभरि सजिलो हुँदैन। कहिलेकहीँ तपाईंको काममा वा अरू क्रियाकलापहरूमा तपाईंको समूहमा तपाईं मात्र ख्रीष्टियान हुन सक्नुहुन्छ। यदि हामी व्यक्तिगत साक्षी दिन चाहन्छौं भने ख्रीष्टियान सिद्धान्तहरूका निम्ति उभिनलाई हामी इच्छुक हुनैपर्छ, यद्यपि समूहसँग बग्नका लागि हामीलाई सजिलो हुन्छ।



१ पत्रुस ३:१५-मा हामीलाई सल्लाह दिइएको छ, "तिमीहरूमा भएका आशाको विषय कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैं तत्पर बस।" हाम्रो आशा येशू ख्रीष्टमा नै छ र हामीले अनन्त जीवन पाउन सकौं भनेर उहाँ मर्नुभयो र फेरि

बौरिउठ्नुभयो। ख्रीष्ट भेट्टाउनका लागि यदि हामी अरूहरूलाई सहायता गर्न चाहन्छौं भने हामीले *सबै समयमा असल व्यक्तिगत साक्षी कायम राख्नैपर्छ।*

तपाई आफैलाई भन्दा परमेश्वरलाई तपाईंको बारेमा बढ़ी थाहा छ भन्ने कुरा के तपाईंले महसूस गर्नुभएको छ? साँच्चै नै यो सत्य कुरा हो! पवित्रशास्त्रको यस पदलाई विचार गर्नुहोस्ः

> "परमेश्वरको दृष्टिमा सृष्टिको कुनै कुरा छिपेको हुँदैन। उहाँका नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुला छन्, उहाँलाई नै हामीले लेखा दिनुपर्छ" (हिब्रू ४:१३)।

परमेश्वर कस्तो हुनुहुन्छ भनी संसारलाई देखाउन परमेश्वर हामीमा भर पर्नुहुन्छ। यदि हामी असफल भयौं भने हाम्रो असफलताको लेखा हामीले उहाँलाई दिनैपर्छ। ख्रीष्टको निम्ति भएको तपाईंको साक्षीलाई *व्यक्तिगत* कुरा बनाउनुहोस्। कोही मानिसहरूलाई ख्रीष्टकहाँ डोऱ्याउन परमेश्वरद्वारा प्रयोग गरिएको व्यक्ति तपाईं मात्र हुन सक्नुहुन्छ। ती मानिसहरूको उद्धार तिनी-हरूका अगाड़ि भएको तपाईंको साक्षीमा भर पर्छ। तपाईंको जीवनमा भएको परमेश्वरको अनुग्रहको नतिजाहरूलाई तिनीहरूले देख्न सकून्।

यदि तपाईं परमेश्वरको निम्ति आफ्नो समुदायमा पुग्न चाहनुहुन्छ भने तपाईं "पारदर्शक" हुनुपर्छ। यसको अर्थ तपाईं मानिसहरूका अगाड़ि खुला हुनुहुन्छ। तपाईं जे हुनुहुन्छ सो स्पष्टसँग तिनीहरूले देख्नेछन्। हाम्रो जीवन संसारका सबैले हेर्न सक्ने खुला पुस्तकजस्तै हुनुपर्छ। प्रेरित पावलले भने, "मेरो अनुकरण गर्ने होओ, जसरी म ख्रीष्टको अनुकरण गर्दछु," (१ कोरिन्थी ११:१)। के तपाईं आफ्नो समुदायमा भएकाहरूलाई पनि यही भन्न सक्नुहुन्छ?

**तपाईंको अभ्यासको निम्ति**

४ यिनीहरूमध्ये कुन-कुन **सकारात्मक** व्यक्तिगत साक्षीका ठीक उदाहरणहरू हुन्?

**क.** कुनै साथीले भनेको कारणले र तपाईंले उसको चित्त दुखाउन नचाहनुभएको हुनाले बेठीक हो भनी जानी-जानी पनि केही काम गर्नु।

**ख.** *हो* वा *हुन्छ* भन्दा तपाईंको ख्रीष्टियान साक्षीमा बाधा पुग्ने हुनाले होइन वा हुन्न भन्न सक्नु।

**ग.** आफूले चाहेअनुसार आफ्ना योजनाहरूले काम गरेनन् भने आफू निराश भएको कुरा प्रकट गर्नु।

**घ.** परियोजनामा आफूले गर्नुपर्ने कामभन्दा पनि धेरै काम गर्नु।

**ङ.** आफूलाई मन नलागे पनि मैत्रीपूर्ण वा दयालु हुनु।

५ ख्रीष्टलाई नचिन्नेहरूका निम्ति भएको व्यक्तिगत सरोकारलाई यिनीहरूमध्ये कुनचाहिँ प्रवृत्तिले त्यसको प्रतिनिधित्व गर्छ?

**क.** प्रभुको निम्ति साक्षी हुनका लागि मैले सकेसम्म म गर्छु, तर ख्रीष्टलाई पछ्याउनका लागि मानिसहरूले चासो देखाएनन् भने म केही पनि गर्न सक्दिनँ।

**ख.** ख्रीष्टलाई नचिन्नेहरूका निम्ति मेरो पूरा जीवन नै साक्षी हुनुपर्छ, र यसरी उहाँको विरुद्धमा तिनीहरूलाई उठाउने कारण म बन्नेछैन।

## पवित्र आत्मामा भर पर्नुहोस्

### उहाँ प्रकटदाता हुनुहुन्छ

उद्देश्य ३ *किन येशूद्वारा पवित्र आत्मा हामीकहाँ पठाइनुभयो,*

*तीनवटा कारणहरू उल्लेख गर्नुहोस्।*

आफू स्वर्गमा फर्किजानुभन्दा पहिले येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु" (यूहन्ना १६:७)। बाइबलमा पवित्र आत्मालाई दिइएको एउटा नाम *सल्लाहकार* हो।

जब हामी पवित्र आत्माको सेवालाई बुझ्छौं, हामी उहाँमा अझै भरोसा राख्न सक्छौं। उदाहरणको लागि यदि तपाईंले दुइ भिन्दाभिन्दै देशका मानिसहरूलाई एउटै कोठामा राख्नुभयो भने, तिनीहरूले एक-अर्कासँग कुरा नगरुञ्जेल तिनीहरूले एक-अर्कालाई राम्रोसँग चिन्न सक्दैनन्। तर यदि तिनीहरूको भाषा एउटै छ भने, तिनीहरू एक-अर्कासँग कुरा गर्न सक्छन् र एक-अर्कालाई चिन्न सक्छन्।



यस उदाहरणमा तपाईं भन्न सक्नुहुन्छ कि एकैसाथ गरिएको कुराकानीले एक-अर्कालाई बुझ्नका लागि दुइ परदेशीहरूलाई

सहायता गरेको थियो। बुझाइले विश्वास वा भरोसा ल्याउँछ। पवित्र आत्माको विषयमा पनि यही कुरा सत्य छ। जब तपाईं उहाँ र उहाँको सेवालाई बुझ्नुहुन्छ, तपाईंले उहाँमा भरोसा राख्न सिक्नुहुनेछ।

पवित्र आत्माको एउटा सेवाचाहिँ हामीकहाँ ख्रीष्टलाई प्रकट गर्नु वा देखाउनु हो। जब हामीलाई ख्रीष्ट परिचित गराइन्छ, हामीलाई उहाँको खाँचो छ भनी हामी महसूस गर्छौं।

> जब सल्लाहकार अर्थात् पवित्र आत्मा आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा साक्षी दिनुहुनेछ (यूहन्ना १५:२६)।

पवित्र आत्माको अर्को उद्देश्य मानिसलाई पापको कायल बनाई परमेश्वरमा ल्याउनु हो। पवित्र आत्माले पश्चात्तापको बारेमा बोल्नुहुन्छ भनी येशूले बताउनुभयो। उहाँले यो पनि भन्नुभयो कि पवित्र आत्माले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ (यूहन्ना १६:८)।

दल बहादुरले कहिल्यै आफ्नो हृदय परमेश्वरलाई दिएका छैनन्। मानिसहरूका निम्ति भएको येशूको प्रेमको कथा एक दिन उनले सुने। एक हप्ता बितिसक्दा पनि दल बहादुरले यो कथालाई बिर्सन सकेनन्। किन? किनकि पवित्र आत्माले येशूलाई उनीकहाँ प्रकट गर्नुभएको थियो र उनका पापप्रति दुःखित हुने अनुभव पनि दिनुभएको थियो। आफूले अझै केही गर्नुपर्ने कुरा दल बहादुरले महसूस गरे। थोरै समयभित्रमा नै उनले आफ्नो हृदय प्रभुलाई दिए र ख्रीष्टियान बने। मानिसहरूलाई येशूमा बोलाउने सेवा पवित्र आत्मासँग छ। उहाँले तपाईंको हृदयमा निश्चयता ल्याई तपाईंकहाँ येशूलाई प्रकट गराउनुभएकोमा तपाईं खुशी हुनुहुन्न र? अनि हामीले अरूहरूलाई साक्षी

दिँदा तिनीहरूका हृदयमा पनि उहाँले काम गर्नुहुन्छ भनी हामी पवित्र आत्मामा भर पर्न सक्छौं।



**तपाईंको अभ्यासको निम्ति**

**६** पश्चात्ताप भनेको

**क**. कसैलाई चिन्ने काम हो।

**ख**. पापको निम्ति दुःखित भई परमेश्वरको अगाडि यसलाई स्वीकार गर्नु हो।

**ग**. पवित्र आत्माद्वारा परमेश्वरमा डोऱ्याउने कार्य हो।

**७** जब हामी पवित्र आत्मामा भरोसा राख्न सिक्छौं, हामी

**क**. उहाँमा भर पर्न सक्छौं।

**ख**. आत्माहरू जित्ने काम उहाँलाई छोड्दिन सक्छौं।

**ग**. विनापाप जिउन सक्छौं।

**८** येशूद्वारा किन पवित्र आत्मा हामीकहाँ पठाइनुभयो, तीनवटा कारणहरू लेख्नुहोस्।

**क**. ..............................................................

ख. ..................................................................

ग. ..................................................................

## उहाँ हाम्रा शिक्षक र यादकर्ता हुनुहुन्छ

उद्देश्य ४ *हाम्रा शिक्षक र यादकर्ता पवित्र आत्मामाथि भर पर्ने मूल्यतालाई व्याख्या गर्नुहोस्।*

यूहन्ना १४:२६-मा येशूका यी शब्दहरूलाई अङ्कित गरिएको छः "पवित्र आत्माले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ।"

यस पदमा पवित्र आत्माका अरू दुइ सेवाहरूलाई उल्लेख गरिएको छ। परमेश्वरको वचनको अर्थ के हो र यसलाई हाम्रा हृदय र जीवनमा कसरी प्रयोग गर्नुपर्छ भन्ने कुरा पवित्र आत्माले हामीलाई सिकाउनुहुनेछ। पवित्र आत्मा बुद्धिमान् हुनुहुन्छ र उहाँले हामीलाई बुद्धि दिन सक्नुहुन्छ।

नेत्र बहादुर शिक्षित मानिस होइनन्, तर उनी सिकाउन सकिने मानिस हुन्। दिनमा गर्नुपर्ने काम सकिएपछि, नेत्र बहादुरले आफ्नो बाइबल पढ्थे, र अध्ययन गर्थे। उनले बाइबलबाट धेरै कुराहरू सिके। नेत्र बहादुर र दिलमायाका दुइ जना छोराहरू थिए। बाइबलका शिक्षाअनुसार तिनीहरूले यी छोराहरू-लाई हुर्काए र तिनीहरू परमेश्वरलाई प्रेम गर्थे र उहाँका आज्ञाकारी हुन चाहन्थे। अहिले तिनीहरूका दुवै छोराहरू विवाहित छन् र तिनीहरूका पनि सन्तान भएका छन्। तिनीहरूले पनि आफ्ना छोराछोरीहरूलाई त्यही किसिमले हुर्काउँदैछन्। नेत्र बहादुर र दिलमायाले परमेश्वरको वचनलाई अध्ययन गरी, आफूलाई सिकाउनका लागि पवित्र आत्मासँग बिन्ती गरेका हुनाले तिनीहरूको परिवारले आशिष् पाएको थियो।

पवित्र आत्माले हामीलाई सिकाउनुहुने धेरै तरीकाहरूका बारेमा बाइबलले हामीलाई बताएको छ। तल उल्लेखित पदहरूलाई तपाईंको बाइबलमा भेट्टाउनुहोस् र त्यसलाई लेख्नुहोस्, यसरी तपाईंले ती पदहरूलाई याद गर्न सक्नुहुनेछ।

१. *एफिसी १:१७*– उहाँले हामीलाई बुद्धि दिनुहुन्छ र हामीकहाँ परमेश्वरलाई प्रकट गराउनुहुन्छ।
२. *एफिसी ६:१८*– उहाँको अगुवाइअनुसार प्रार्थना गर्न उहाँले हामीलाई सिकाउनुहुन्छ।
३. *१ कोरिन्थी २:१०-१२*– उहाँले हामीलाई परमेश्वर र उहाँका उद्देश्यहरूको सत्यतालाई सिकाउनुहुन्छ।
४. *गलाती ५:१६,२२-२३,२५*– उहाँले हाम्रो जीवनलाई अगुवाइ गर्नुहुन्छ, र हामीमा प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वासयोग्यता, नम्रता, आत्मा-संयमको फल उत्पादन गर्नुहुन्छ।

यूहन्ना १४:२६-लाई फेरि हेर्नुहोस्। येशूले हामीलाई भन्नुभएका सबै कुराहरूलाई याद गर्न पवित्र आत्माले हामीलाई सहायता गर्नुहुनेछ भनी यस पदले हामीलाई बताउँछ। यसको अर्थ यही नै हो कि हामीले परमेश्वरको वचनलाई अध्ययन गर्दा, हामीलाई आवश्यक परेको बेलामा पवित्र आत्माले त्यो वचन हाम्रो मनमा ल्याइदिनुहुनेछ।

बाइबलमा हामीले पढ़ेका सबै कुराहरूलाई हामी याद गर्न सक्दैनौं। यद्यपि, याद गर्नका लागि आवश्यक पर्ने ठाउँमा हामी हुँदा त्यस बेला हामीलाई सहायता पुऱ्याउनका लागि पवित्र आत्माले हाम्रो मनमा ती शिक्षाहरू ल्याइदिनुहुन्छ।

तपाईंले प्रभुको बारेमा कसैसँग कुरा गर्नुहुँदा ठीक उत्तरहरू दिएको जस्तो के तपाईंलाई लागेको छ? वा त्यस अवसरमा प्रस्तुत गर्नका लागि उचित पदहरू तपाईंको मनमा पवित्र

आत्माले ल्याइदिनुभएको जस्तो के तपाईंलाई लाग्छ? यस्ता समयहरूमा परमेश्वरको सहायताको अनुभव गर्नु कति आशिष्मय कुरा हो। कसैलाई साक्षी दिने कोशिश गर्दा पवित्र आत्माको सहायताविना ता हामी हराएको जस्तो हामीलाई लाग्छ।

कहिलेकहीँ गल्ती गर्नको लागि हामी परीक्षित हुँदा, हामीले परमेश्वरको आज्ञा पालन गर्नैपर्छ भनी पवित्र आत्माले हामीलाई याद दिलाउनुहुन्छ। अरू मानिससँगको हाम्रो सम्बन्धमा हामीले असल प्रवृत्ति कायम राख्नैपर्छ भनी उहाँले हामीलाई याद दिलाउनुहुन्छ। कहिलेकहीँ हामी समुदायको आत्मा देखाउन भुल्छौं, तर हामीलाई याद दिलाउनका लागि पवित्र आत्मा विश्वासयोग्य हुनुहुन्छ।

### तपाईंको अभ्यासको निम्ति

९ तपाईंका शिक्षक र यादकर्ता हुनका लागि पवित्र आत्मामा किन तपाईं भर पर्नु आवश्यक छ?

.......................................................................

.......................................................................

१० यस पाठलाई फेरि दोहोऱ्याउनुहोस् र पवित्र आत्माले हामीलाई सहायता गर्नुहुने विभिन्न तरीकाहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्। तब आफ्नो तालीकालाई हेर्नुहोस् र उहाँले तपाईंलाई व्यक्तिगत रूपमा सहायता गर्नुभएका सबै तरीकाहरूका मुनि धर्को तान्नुहोस्।

अब तपाईं यस अध्ययनको अन्तमा आइपुग्नुभएको छ। यी पाठहरूद्वारा तपाईंको ख्रीष्टियान हिँड़ाइको निम्ति तपाईंले

प्रशस्तै सहायता पाउनुभयो होला भन्ने कुरामा म आशावादी छु। आफ्नो समुदायमा ख्रीष्टियानको सेवाको नयाँ बुझाइलाई तपाईंले शुरू गर्नुभएको छ। तपाईंलाई सहायता पुऱ्याउनका लागि पवित्र आत्मालाई स्थान दिएर मात्र यी सबै शिक्षाहरूलाई तपाईंले व्यवहारमा लगाउन सक्नुहुनेछ। हामीले गर्नुपर्ने कामहरूलाई हामी पवित्र आत्माको शक्तिद्वारा मात्र गर्न सक्छौं। उहाँमा भरोसा गर्नुहोस् र तपाईंको जीवनमा र अरूहरूप्रतिको तपाईंको सेवामा यी शिक्षाहरूलाई प्रयोग गर्न उहाँले तपाईंलाई सहायता गर्नुहुनेछ।

> तर तिमीचाहिँ आफूले सिकेका र दृढ़तासँग विश्वास गरेका यी कुराहरूमा लागिरह (२ तिमोथी ३:१४)।
>
> जुन कुरा तिमीहरूले शुरूदेखि नै सुनेका छौ, त्यो तिमीहरूमा रहिरहोस्। यदि शुरूदेखि नै सुनेको त्यो कुरा तिमीहरूमा रह्यो भने तिमीहरू पुत्र र पितामा रहनेछौ (१ यूहन्ना २:२४)।

अब तपाईं पाठ ६-१०-को विद्यार्थी प्रतिवेदन भर्नका लागि तयारी हुनुभएको छ। यी पाठहरूलाई दोहोऱ्याउनुहोस् र तपाईंको विद्यार्थी प्रतिवेदनमा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। तपाईंले आफ्नो उत्तर पृष्ठ आफ्ना निर्देशककहाँ पठाउनुहुँदा अर्को पाठ्यपुस्तकको बारेमा पनि सोधी पठाउनुहोस्। *तपाईंले समुदायको आत्मालाई निरन्तर व्यवहारमा लगाउनुहुँदा* परमेश्वरले तपाईंलाई आशिष् दिनुभएको होस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

६ ख पापको निम्ति दुःखित भई परमेश्वरको अगाडि यसलाई स्वीकार गर्नु हो।

१ आफूलाई परिवर्तन गर्नका लागि उसले पवित्र आत्मासँग बिन्ती गर्न सक्छ र आफूले चाहेको जस्तो व्यक्ति हुने अभ्यास उसले गर्नैपर्छ।

७ क) उहाँमा भर पर्न सक्छौं।

२ यदि तपाईंमा देखिएको कुरालाई तिनीहरूले मन पराएनन् भने तपाईंको उदाहरण पछ्याएर उनीहरूले ख्रीष्टलाई ग्रहण गर्न चाँहदैनन्।

८ यीमध्ये कुनै पनिः मानिसहरूलाई परमेश्वरमा खिँच्नु, पापको कायल बनाउनु, येशूलाई प्रकट गर्नु, हामीलाई परमेश्वरको न्यायको बारेमा बताउनु, अरूहरूलाई साक्षी दिनका लागि हामीलाई सहायता गर्नु।

३ ग) सबै समयमा ठीक प्रवृत्तिहरू देखाउँछन्।

९ तपाईंको उत्तर। मचाहिँ यसो भन्छु, साक्षी दिनका लागि समुदायमा सेवा पुऱ्याउनका लागि, ठीक निर्णयहरू बनाउनका लागि हामीलाई उहाँको सहायताको आवश्यकता पर्छ र यसरी हामी हाम्रो जीवनमा उहाँको महिमा गर्न सक्छौं।

४ क बेठीक ग बेठीक ङ ठीक
ख ठीक घ ठीक

१० तपाईंको उत्तर।

५ ख) ... मेरो पूरा जीवन नै साक्षी हुनुपर्छ।